# पाठशाला सफ्टवेयरको सम्झौतापत्र

लिखितम्, जिल्ला काठमाण्डौं म. न. पा. वडा नं. ३१, पुरानो बानेश्वर स्थित प्रधान कार्यालय रहेको **सफ्टल्याब ईकं प्रा. लि.** (यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिएको) र ..............................................................................................................................

**(अङ्ग्रेजीमा नाम)** ..............................................................................................................................

**ठेगाना: ................................प्रदेश...............................जिल्ला...............................................पालिका, वडा नं. .........**

यस पछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) का बीच यस सफ्टवेयर **पाठशाला** को प्रयोग र सेवा सम्बन्धी तपसिलका बुँदाहरुको अधीनमा रहेर यो सम्झौतापत्रमा राजिखुशीका साथ हस्ताक्षर गरी एक–एक प्रति बुझी लियौं, दियौं।

## परिभाषा, शर्त, तथा बन्देजहरु

**परिभाषाहरु :**

**सफ्टवेयरको परिभाष**

यस सम्झौता पत्रमा उल्लेख गरिएका शब्दहरु "सफ्टवेयर", "यस सफ्टवेयर", "प्रथम पक्षको सफ्टवेयर", "पाठशाला सफ्टवेयर", "यो सफ्टवेयर" ले प्रथम पक्षले निर्माण गरेको पाठशाला नाम गरेको सफ्टवेयर, जसलाई एक शब्दमा पाठशाला भन्ने स्कुल तथा कलेज व्यवस्थापन गर्ने कम्प्यूटर सफ्टवेयर जनाउँदछ ।

**अध्यावधिकको परिभाषा**

यस सम्झौतापत्रमा अध्यावधिकको अर्थ पाठशाला सफ्टवेयरमा गरिने सुधार वा सम्पादन भन्ने हो ।

**अतिरिक्त शुल्कको परिभाषा**

यस सफ्टवेयरको खरीद मुल्य तथा सेवा शुल्क बाहेक प्रथम पक्षलाई दोस्रो पक्षले प्रदान गर्ने शुल्क वा मुल्यलाई अतिरीक्त शुल्क भनिएको छ ।

**सफ्टवेयरको डाटाबेसको परिभाषा**

यस सफ्टवेयरको सम्पूर्ण तथ्याङ्क प्रविष्टि भएको कम्प्युटरको फाइल सिस्टमलाई डाटाबेस भनिएको छ ।

**क्लाउड होस्टिङ्गको परिभाषा**

दोस्रो पक्षको विद्यालयको डाटा लाई प्रथम पक्षको सर्भर कम्प्यूटरमा सुरक्षित राख्ने प्रविधिलाई जनाउनेछ ।

**दफा नं १**

**१.१ सफ्टवेयरको लाईसेन्सको प्रयोग, मूल्य, तथा सेवा शुल्क :**

यस सफ्टवेयर प्रयोगको सम्बन्धमा सफ्टवेयरको लाइसेन्सको प्रयोग, यसको मूल्य, र सेवा शुल्क तपसिलका बुँदाहरुको अधिनमा रहेर हुनेछन् ।

| पाठशाला सफ्टवेयर सेवाहरु | | |
|---|---|---|
| १. विद्यार्थी विवरण व्यवस्थापन<br>२. बिलिङ्ग व्यवस्थापन<br>३. लेखा व्यवस्थापन<br>४. परीक्षा व्यवस्थापन<br>५. पुस्तकालय व्यवस्थापन | ६. स्मार्ट हाजिरी<br>७. अनलाईन फि-पेमेन्ट<br>८. स्टोर व्यवस्थापन<br>९. तलब व्यवस्थापन<br>१०.यातायात व्यवस्थापन | ११.होस्टेल व्यवस्थापन<br>१२.क्यान्टिन व्यवस्थापन<br>१३. एस.एम.एस. सेवा<br>१४. मोबाईल एप<br>१५. डकुमेन्ट व्यवस्थापन |

| सफ्टवेयर एडिसन तथा प्रयोगकर्ता (एक पटक लाग्ने शुल्क) | | शुल्क (परिचय पत्र प्रिन्ट सेवा नलिएमा) | शुल्क (परिचय पत्र प्रिन्ट सेवा लिएमा) |
|---|---|---|---|
| १. | कस्टम एडिसन- असिमित प्रयोग कर्ता | २,५०००/- | नि-शुल्क |

| परिचय पत्र प्रिन्टिङ्ग सेवा तथा शुल्कहरु | | शुल्क (रु.) | कैफियत |
|---|---|---|---|
| १. | परिचय पत्र प्रिन्ट, डोरी तथा होल्डर ( प्रति विद्यार्थी ) | ३००/- | प्रत्येक वर्ष प्रिन्ट गर्दा लाग्ने शुल्क |
| २. | हाजिरि मेसिनहरु | नि-शुल्क | २५० विद्यार्थी = १ मेसिन |

| वार्षिक सेवा शुल्क , क्लाउड होस्टिङ्ग तथा डाटा ब्याकअप सेवा शुल्क | | शुल्क (रू.) | कैफियत |
|---|---|---|---|
| १. | क्लाउड होस्टिङ्ग तथा डाटा ब्याकअप सेवा शुल्क (प्रति वर्ष) | नि-शुल्क | |
| २. | सेवा तथा सफ्टवेयर अपडेट शुल्क (प्रति वर्ष) | नि-शुल्क | |
| ३. | परिचय पत्र अपडेट शुल्क (प्रति वर्ष/प्रति कार्ड) | १००/- | परियच पत्रको भ्यालिडिटि मिति १ वर्ष भन्दा बढि राखिएको खण्डमा । |

### १.२ क्लाउड होस्टिङ्ग तथा डाटा ब्याकअप स्पेस

आइडी कार्डको जम्मा सङ्ख्या ........................................................................................................................... सम्म हुनेछ ।

### १.३ अन्य सर्त

१. माथि उल्लेखित सबै शुल्क तथा दस्तुरमा मुल्य अभिवृद्धि कर थप लाग्नेछ ।
२. दोस्रो पक्षले सेवा नविकरण नगरेको खण्डमा वा यो सहमति रद्द भएमा प्रथम पक्षले दोस्रो पक्षलाई नि-शुल्क दिईएका मेसिनहरु दोस्रो पक्षले प्रथम पक्षलाई फिर्ता गर्नु पर्ने छ ।
३. परिचय पत्रको RFID Chip, तथा प्रिन्टको वारेन्टी १ वर्षको मात्र हुनेछ र भौतिक रुपले टुट फुटको भने वारेन्टी हुने छैन । ३ वर्ष भित्र हाजिरी मेसिन बिग्रेको खण्डमा प्रथम पक्षले अर्को मेसिन निशुल्क उपलब्ध गराउने छ । ३ वर्ष पछि मेसिन बिग्रेमा दोश्रो पक्षले नयाँ मेसिन खरिद गर्नु पर्नेछ ।
४. प्रथम पक्षले पाठशाला नामको मोबाईल एप एप स्टोर र प्ले स्टोरमा निशुल्क दिनेछ । दोश्रो पक्षलाई आफ्नो ब्रान्डिङ्गको एप चाहिएमा थप शुल्क लाग्नेछ । मोबाईल एपमा दोश्रो पक्षको जानकारीका साथ साथै प्रथम पक्षले राखेको सुचना/खबर तथा एडहरु देखिनेछ ।
५. दोश्रो पक्षले छनोट गरेको आई.डि.कार्ड तथा ल्यानयार्डको डिजाईन सम्झौता अवधिभरको लागी लागु हुनेछ । यदि बिचमा डिजाईन परिवर्तन गर्नुपर्ने भएमा प्रथम पक्षसंग स्टकमा रहेको दोश्रो पक्षको प्रिन्टेड ल्यानयार्ड दोश्रो पक्षले खरिद गर्नुपर्नेछ ।
६. दोश्रो पक्षको आई.डि.कार्डमा Powered By Paathshala EMIS भनेर राख्न दोश्रो पक्ष सहमत छ ।
७. दोश्रो पक्षले आई.डि.कार्ड बनाउँदा आफ्नो स्कुल/कलेजमा अध्ययन गर्ने सम्पुर्ण विद्यार्थीहरुको आई.डि.कार्ड बनाउनु पर्नेछ अन्यदा होस्टिङ्ग शुल्क लाग्नेछ ।
८. दोस्रो पक्षकै कार्यालयमा तालिम सञ्चालन गर्दा निश्चित स्थान, निश्चित समय, तथा अन्य भौतिक पूर्वाधारको जगेडा गराउने कार्य दोस्रो पक्षको नै हुनेछ । तालिम सञ्चालन भएको समयमा कुनै पनि किसिमको अवरोध नआओस् भन्ने कुराको ध्यान दोस्रो पक्षले पुर्‍याउनुपर्ने हुन्छ ।
९. प्रथम पक्षले दोस्रो पक्षको कर्यालयमा गएर तालिम दिनुपर्ने खण्डमा, दोस्रो पक्षले आवत-जावत, खानपीन र बसाईको खर्च वा बन्दोबस्त मिलाउनु पर्नेछ । यदि दोस्रो पक्षले तालिम अनलाईनको माध्ययमबाट लिएमा कुनै शुल्क लाग्ने छैन ।
१०. अनलाइनबाट विद्यार्थीहरुले तिर्ने शुल्क भुक्तानी गर्दा लाग्ने सेवा शुल्क भुक्तानी प्रदायक संस्थाले तोके बमोजिम हुनेछ ।
११. प्रथम पक्षका कर्मचारीहरुले दोस्रो पक्षलाई प्रथम पक्षको सफ्टवेयर सञ्चालन गर्ने कार्य सम्बन्धि मात्र तालिम प्रदान गर्नेछन् । लेखा नितीनियम तथा विधि सम्बन्धि, तथा हिसाब मिलाउने कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ । पटक पटक तालिम प्रदान हुदाँ हुँदै पनि दोस्रो पक्षका कर्मचारी हरु असक्षम भएको खण्डमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराउनेछ । यस्तो अवस्थामा दोस्रो पक्षले समस्याको प्रकृती हेरी त्यस सम्बन्धि निधान पत्ता लगाउने कार्य गर्नुपर्नेहुन्छ । यति हुँदाहुँदै यस सम्बन्धि समाधान नहुने अवस्था आएको खण्डमा कुनै एक पक्षले शिक्षक, विद्यार्थी, तथा प्रत्येक पक्षका दुई जना न्युनतम अधिकृत तहका कर्मचारीहरुको बैठक बोलाएर समाधान गर्नुपर्नेछ ।
१२. सफ्टवेयरमा तथ्याङ्क प्रविष्टि गर्नेका लागी पहिलो पक्षले दिएको एक्सेलको फर्मेट अनुसारको डाटा प्रधान गर्ने कार्य दोस्रो पक्षको हुनेछ । परियच पत्रको लागी चाहिने विद्यार्थी/कर्मचारीको फोटो दोस्रो पक्षले प्रथम पक्षलाई दिनुपर्नेछ ।
१३. सफ्टवेयर, सेवा शुल्क तथा परिचय प्रिन्ट शुल्क विभिन्न परिस्थितिजन्य कुराहरुमा भरपर्ने हुनाले भूतकालमा वा भविष्यमा अर्को कुनै संस्थालाई कम अथवा बढी मुल्यमा दिइएको वा दिइने हुनसक्ने भएको यसलाई विवादको विषय बनाउन पाइने छैन ।
१४. आइडी कार्ड तथा अन्य सामानहरु दोश्रो पक्षकोमा डेलिभरी गर्दा लाग्ने कुरियर शुल्क दोश्रो पक्षले भुक्तानी गर्नु पर्नेछ ।
१५. आइडी कार्ड बनाउन चाहिने डाटा/फोटो दोस्रो पक्षले समयमा प्रथम पक्षलाई नबुझाएर आइडी कार्ड बनाउन ढिलो हुन गएमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।
१६. दोस्रो पक्षले आइडी कार्डको अन्तिम प्रिन्ट फाईल चेक जाँच गरी सहि भएको पुष्टि गरेको फारम प्रथम पक्षलाई बुझाउनु पर्नेछ । सो फारम प्रथम पक्षले पाएको १० दिन भित्रमा प्रथम पक्षले आइडी कार्ड प्रिन्ट गरि दोस्रो पक्षलाई डेलिभर गर्नेछ । पुष्टि गरेको अन्तिम प्रिन्ट फाईल बमोजिम पछि प्रिन्टेड आइडी कार्डमा कुनै त्रुटि आई पुन कार्ड प्रिन्ट गर्नुपर्ने भएमा सम्पुर्ण प्रिन्ट खर्च दोस्रो पक्षले बेहोर्नु पर्नेछ ।
१७. कुनै लिखित प्रमाण नभएको कुनै पनि पक्षका कर्मचारीहरुले गरेका कुनैपनि किसिमको वाचालाई मान्यता दिइने छैन ।

### १.४ भुक्तानी अवधि

१. दोस्रो पक्षले प्रथम पक्षलाई सम्झौताका बखत ३०% भुक्तानी, तालिम सकिएर आइडी कार्ड को डिजाइन फाइनल भइसकेको बखत ३०% र कार्ड प्रिन्ट गर्नुभन्दा अगाडी बाँकी भुक्तानी गर्नुपर्ने छ । यदि आइडी कार्डको भुक्तानी बाँकी रहेमा प्रथम पक्ष आइडी कार्ड प्रिन्ट तथा डेलिभरी गर्न बाध्य हुने छैन।
२. दोस्रो पक्षले प्रथम पक्षलाई आइडी कार्डको काम नदिएको खण्डमा सफ्टवेयर स्वतह बन्द हुनेछ ।

### १.५ अध्यावधिक सम्बन्धि व्यवस्था

१. दोस्रो पक्षको संस्था-विशेष तथा वृद्धि-विशेष आवश्यकता सफ्टवेयरमा थप्नका लागि दुबै पक्षको सम्भौता अनुरुप अतिरित्त शुल्क लाग्न सक्नेछ । तर अन्य कुनै संस्थाका लागि सफ्टवेयरमा थप गरिएको विशेषता दोस्रो पक्षले निशुल्क रुपमा प्राप्त गर्न सक्नेछ ।

२. सफ्टवेयर सम्बन्धि अद्यावधिक वा अन्य कुनै पनि किसिमको कार्य दोस्रो पक्षले माग गर्नुपर्ने भएको खण्डमा ईमेल मार्फत जानकारी प्रदान गर्नुपर्नेछ । प्रथम पक्षले मागहरुलाई FIFO विधि अनुरुप प्राथमिकतामा राखेर अध्यावधिक गर्दै लग्नेछ । लिखित प्रमाण बाहेकका टेलिफोन वा भेटवार्तामा प्रंसगवस उठाइएका माग तथा गरेका वाचा तथा कबोलहरुलाई कुनै पनि पक्षद्वारा महत्वको विषय बनाइने छैन ।

**१.६ सम्झौता बहाल रहने अवधि**

यस सम्झौता हस्ताक्षर भएको मितिबाट ३ (तिन) वर्षसम्म बहाल रहनेछ । त्यसपछि आपसी सहमतिमा सम्झौता पुन: नविकरण गर्नुपर्नेछ ।

**१.७ गोपनीयता**

सम्झौताको दुबै पक्षले एकअर्काको व्यवसायिक गोप्यता राख्नुपर्नेछ। दुबै पक्षले प्रयोगकर्तालाई समान्य सुचना दिनेबाहेक एकअर्काको व्यापार रणनीति, अन्य विवरण वा विषयमा गोपनीयता कायम राख्नुपर्नेछ। सम्झौता बहाल रहेको अवधिमा र अन्त्य भएको कम्तिमा पनि पाँच वर्षसम्म एक अर्काका गोप्य कुरा बाहिर सार्वजनिक गर्न पाइनेछैन।

**१.८ मध्यस्थता र समन्यायिक उद्धार**

दुबैपक्ष सम्झौताभन्दा बाहिर गएर कुनै असमझदारी र वादविवाद गर्नेछैनौ । यदि कुनै बुँदामा वादविवाद भएमा सम्झौतापत्रमा सम्झौता भएबमोजिम मिलाउनेछौं । यो प्रक्रियाबाट विवाद निरुपण नभएमा नेपाल सरकारको न्यायिक निकायबाट यसको निरुपण गरिनेछ। उक्त निकायले कुनै असमझदारी भए विवादित विषयलाई सबैपक्षका बिचमा मिलाउनेछ र यसको निर्णय अन्तिम र बाध्यात्मक हुनेछ ।

**१.९ लागू हुने कानुन**

यस सम्झौता मुलुकि ऐनको देवानी संहिता २०७४ बमोजिम तर्जूमा गरिएको हो र यसलाई सञ्चालन, व्याख्या प्रचलित कानुन बमोजिम गर्न सक्नेछ । यस सम्झौताको कुनै पनि दफा नेपाल कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

**१.१० सम्झौता**

यस सम्झौता र यससँग सम्बन्धित कुनै पनि लिखतले सम्झौताको उद्देश्य बमोजिम पक्षहरुबिच यस अघि भएको सम्पूर्ण सम्झौतालाई खारेज गर्नेछ ।

**१.११ स्वतन्त्र अस्तित्व**

पक्षहरु स्वतन्त्र अस्तित्वका हुनेछन् । दुबै पक्ष कन्सल्टेन्ट राख्न, रोजगारी सिर्जना गर्न, एजेन्ट, पार्टनर, संयुत्त लगानी गर्न, अन्य प्रयोजनका लागि बैधानिक प्रतिनिधी राख्न, र आफ्नो अधिकार तथा शक्ति अन्य प्रतिनिधि वा दायित्व अन्यलाई हस्तान्तरण गर्न स्वतन्त्र छन् ।

**१.१२ संशोधन**

यस सम्झौताको कुनै पनि शर्तहरु पक्षहरुको अधिकारीक व्यक्तिले लिखित रुपमा हस्ताक्षर नगरी संशोधन गर्न सक्नेछैन । दुवै पक्षबाट यसमा रहेका बुदाहरु संशोधन गर्न आवश्यक ठानी दुवैपक्षको उपस्थितीमा आपसी समझदारिमामात्र सम्झौतापत्र संशोधन हुनेछ । यसरी गरेको संशोधन यसै सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

**१.१३ क्षतिपुर्ति सम्बन्धि व्यवस्था**

यस सम्झौताको पक्षले सम्झौताको कुनै व्यवस्था उल्लंघन गरेमा र पालना नगरेको कारण अर्को पक्षलाई हानी-नोक्सानी हुन गएमा त्यस्तो हानी-नोक्सानी बापतको क्षतिपुर्ति रकम सम्झौताको उल्लंघन गर्ने वा पालना नगर्ने पक्षले अर्को पक्षलाई तिर्न-बुझाउनु पर्नेछ । यस दफा बमोजिम क्षतिपुर्ति माग भएको अवस्थामा माग भएको मितिले ३० दिन भित्रमा सम्झौताको उल्लंघन गर्ने वा पालना नगर्ने पक्षले अर्को पक्षलाई तिर्न-बुझाउनु पर्नेछ । दोश्रो पक्षले सम्भौतापत्रको अवधि भित्र सम्भौता रद्द गरेमा प्रथम पक्षलाई भुक्तानी गरेको कुनै पनि रकम फिर्ता गर्न प्रथम पक्ष बाध्य हुनेछैन र प्रथम पक्षलाई सम्भौता अनुसारको रकम क्षतिपुर्ति अनुसार भुक्तानी गर्नुपर्नेछ ।

**१.१४ सम्झौतापत्र समाप्त हुने अवस्था**

यदि कुनै कारणबस सम्झौतापत्र समाप्त गर्नुपर्ने अवस्थामा वा यदि कुनै पक्षले सम्झौता तोड्न चाहेको खण्डमा अर्को पक्षलाई सम्झौता तोड्नुपर्ने उचित कारणसहित ६ महिनाको अग्रिम सूचना दिनुपर्नेछ । यदि दोस्रो पक्षले प्रथम पक्षलाई दिनु पर्ने कुनै बक्यौता रहेको खण्डमा दोस्रो पक्षले प्रथम पक्षलाई सम्पुर्ण बक्यौता रकम भुतानी गर्नु पर्नेछ र उक्त बक्यौता भुक्तानी भईसकेपछी मात्र प्रथम पक्षले दास्रो पक्षको सफ्टवेयरमा रहेको डाटा Excel मा फिर्ता गर्ने छ ।

**१.१५ सूचना**
कुनै पनि सूचना दिनु परेमा तपसिलमा उल्लेख गरेको ईमेलबाट सम्बन्धित पक्षलाई दिनु पर्ने छ ।

| **प्रथम पक्षको सम्पर्क जानकारी** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नं.** | **कैफियत** |
| १. | कार्यालयको सम्पर्क नम्बर | 01-5907373 \| 01-5907374 | 07am-05.30pm |
| २. | सविना राया | 9801106523 | आर्थिक कारोबार सम्बन्धी |
| ३. | कैलाश ऐर | 9801914096 | आई.डि. कार्ड सम्बन्धी जानकारी |
| ४. | ईमेल ठेगाना | support@paathshala.com.np | |
| **दोश्रो पक्षको सम्पर्क जानकारी** | | | |
| **क्र.सं.** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नं.** | **कैफियत** |
| १. | | | Principal |
| २. | | | आई.डि. कार्ड सम्बन्धी जानकारी |
| ३. | | | |
| ४. | | | |
| ५. | ईमेल ठेगाना | | |
| ६. | प्यान वा भ्याट नम्बर | | |

तपसिलमा उल्लेखीत साक्षीहरुको रोहबरमा पक्षको आधिकारीक प्रतिनिधिले दुबै पक्षको तर्फबाट तल लेखिएको मितिमा सम्झौता हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं।

**मिति ............. साल ............. महिना ............. गते, रोज ............. शुभम् ।**

<u>हस्ताक्षरकर्ता</u>

**पहिलो पक्षको तर्फबाट**

___________
नाम:
पद:

SOFTLab INC

**दोश्रो पक्षको तर्फबाट**

______________
नाम:
पद:

**साक्षिहरु**

Kiran
_____________
नाम: किरण ओड
पद: बि.डी.ओ.

_____________
नाम:
पद: